## "गैंडा संरक्षणमा उल्लेख्य उपलब्धि : एक वर्षमा शुन्य चोरी शिकार"

### शुन्य चोरी शिकार वर्ष २०१५ (Zero Poaching Year 2015) को अवसरमा राष्ट्रिय वन्यजन्तु अपराध नियन्त्रण समन्वय समितिको तर्फबाट जारी गरिएको प्रेस विज्ञप्ती

नेपालको वन जंगल र वन्यजन्तुको संरक्षण तथा व्यवस्थापनको लागि वन तथा भू-संरक्षण मन्त्रालयको नेतृत्वमा केन्द्रिय र जिल्लास्तरमा विभिन्न निकायहरु क्रियाशिल रहेका छन् । त्यसैगरी वन्यजन्तु तथा तिनका बासस्थानको संरक्षणमा नेपाली सेनाको गण/गुल्महरु विभिन्न निकुञ्ज/आरक्षमा तैनाथ रहेका छन् । मध्यवर्ती क्षेत्रका स्थानीय बासिन्दा, मध्यवर्ती क्षेत्रमा गठन भएका विभिन्न समूह/समितिहरु, सामुदायिक वनहरु, समुदायमा आधारित चोरी शिकार नियन्त्रण युवा जागरण उपसमितिहरु, स्थानीय प्रशासन, नेपाल प्रहरी, नेपाल प्रहरीको केन्द्रीय अनुसन्धान ब्युरो, शसस्त्र प्रहरी बल लगायतका अन्य कानून कार्यान्वयन गर्ने निकायले समेत वन्यजन्तु संरक्षण कार्यमा योगदान पु-याउदै आएका छन् । पर्यटन व्यवसायी, नेचर गाइड, नागरिक समाज, विभिन्न संचार माध्यम, राजनैतिक दलहरुले समेत प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा आ-आफ्नो क्षेत्रबाट योगदान , राष्ट्रिय प्रकृति संरक्षण कोष र डब्लु डब्लु एफ नेपाल लगायतका राष्ट्रिय र अन्तंराष्ट्रियस्तरका संरक्षण साझेदार विभिन्न संघ संस्थाहरुले खेलेको भूमिका उपलब्धिमूलक छ । संगठित रुपमा हुने वन्यजन्तु तथा वनस्पतिको चोरी निकासी तथा अवैध व्यापारलाई नियन्त्रण गर्ने कार्य चुनौतिपूर्ण हुँदै गएको अवस्थालाई मनन गरी नेपाल सरकार (मन्त्रिपरिषद्) को २०६७ जेष्ठ २ को निर्णयानुसार सम्माननीय प्रधानमन्त्रीज्यूको अध्यक्षतामा राष्ट्रिय बाघ संरक्षण समिति, नेपाल गठन भएको छ । त्यसैगरी नेपाल सरकार (मन्त्रिपरिषद्) को २०६७ मंसिर ५ को निर्णयानुसार राष्ट्रिय वन्यजन्तु अपराध नियन्त्रण समन्वय समिति, केन्द्रिय र २४ जिल्लामा वन्यजन्तु अपराध नियन्त्रण इकाईहरुको गठन भएका छन् ।

वन्यजन्तु संरक्षणमा जनस्तरमा अभिवृद्धि भएको चेतनाकोस्तर र वन्यजन्तुको चोरी शिकार तथा अवैध व्यापार नियन्त्रण कार्यमा नेपाल सरकारका निकायहरुबाट प्रभावकारी कार्य सम्पादन भएको छ भने भविष्यमा यसलाई अझ बढि शसक्त र प्रभावकारी बनाउनु पर्ने आवश्यकता रहेको छ । सम्पूर्ण सरोकारवालाहरुको आपसी समन्वय र सहकार्यको परिणाम स्वरुप चितवन लगायत कुनै पनि निकुञ्ज/आरक्ष र जिल्ला वन कार्यालयको क्षेत्र तथा समुदायद्वारा व्यवस्थापन गरिएका वनहरुमा २०७१ वैशाख १९ गते देखि हाल सम्म गैंडाको चोरी शिकार नहुनु र विगतमा गैंडाको चोरी शिकार तथा अवैध व्यापारमा संलग्न ३२ जना भन्दा बढि अभियुक्तहरु पक्राउ गरी कानुनी दायरामा आउनु सकारात्मक पक्ष हो भने यस्ता अपराधमा संलग्न १३२ जना भन्दा बढि फरारको सूचीमा देखिनु उत्तिकै चुनौतिपूर्ण छ । त्यसैगरी २०७१ वैशाख २० देखि २०७२ माघ २३ गते सम्म २५ थान भन्दा बढि भरुवा बन्दुक र M16 A1 राइफल लगायतका सामग्री समेत बरामद भएको छ ।

वन्यजन्तुको चोरी शिकार तथा अवैध व्यापार नियन्त्रण गर्ने कार्यलाई थप प्रभावकारी र व्यवस्थित गर्न वन्यजन्तुको अंग प्रत्यङ्ग ओसारपसार नियन्त्रण सम्बन्धि कारवाही अगाडी बढाइएको छ । त्यसैगरी वन्यजन्तुको अपराध नियन्त्रणमा तालिम प्राप्त कुकुरको प्रयोग, Real time SMART गस्ती जस्ता कार्यहरुको विकास भएको छ ।

हाल विश्वमा करिब ३२०० को संख्यामा रहेको एकसिंगे गैंडा नेपाल र भारतको सिमित निकुञ्ज/आरक्ष र वरिपरीको क्षेत्रमा मात्र पाइन्छ । नेपालको चितवन राष्ट्रिय निकुञ्ज र भारतको काजिरङ्गा राष्ट्रिय निकुञ्ज गैंडाको मुख्य बासस्थान हो । १९६० को दशकमा ८०० को संख्यामा रहेको अनुमान गरिएको गैंडा वि.सं.२०२४/२५ तिर ८१ देखि १०० मा झरेको अनुमान गरिएको थियो । वि.सं.२०२६/२७ मा चितवन राष्ट्रिय निकुञ्जलाई नेपालको पहिलो राष्ट्रिय निकुञ्ज बनाउन स्वीकृति भए पछि राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ मा व्यवस्था भए बमोजिम वि.सं.२०३० असोज ४ (सन् १९७३) मा गैंडा संरक्षणको लागि चितवन राष्ट्रिय निकुञ्जको स्थापना भएको हो । जैविक विविधता संरक्षणमा नेपाली सेनालाई वि.सं.२०३२ सालबाट समावेश गरिएको छ ।

गैंडा, बाघ, हात्ती, हिउँ चितुवा, कस्तुरी मृग, गौरीगाई, कृष्णसार, बाह्रसिंगा, घडियाल गोही लगायतका दुर्लभ र महत्वपूर्ण वन्यजन्तुको संरक्षण गरी नेपालको विभिन्न पारस्थितिकीय प्रणालीको प्रतिनिधित्व हुने गरी संरक्षित क्षेत्रको विस्तार र स्थापना गरि जैविक विविधता संरक्षणको कार्यलाई राज्यले प्राथमिकतामा राखेको छ । त्यसैगरी समयको माग र जनचाहना अनुरुप संरक्षित क्षेत्रहरुलाई विभिन्न व्यवस्थापन ढांचाहरुमा विकास तथा व्यवस्थापन गर्दै आइएको छ । संरक्षणको कार्य अत्यन्तै जटिल र दुरगामी प्रभाव पार्ने खालको विषयवस्तु भएको हुँदा यसमा सामुहिक प्रयासको खांचोलाई महसुश गरी स्थानीय जनताको सहभागितालाई सुनिश्चित गर्ने अवधारणा अनुरुप मध्यवर्ती क्षेत्र र संरक्षण क्षेत्रहरु स्थापना भएका छन् । नेपाल प्रकृति पर्यटनको एक गन्तव्यस्थलको

रुपमा अर्न्तराष्ट्रिय समुदायमा परिचित हुँदै गएको, पर्यटन उद्योगलाई वैदेशिक मुद्रा आर्जन गरी स्वदेशमै रोजगारीका अवसरहरु सृजना गर्ने र महत्वपूर्ण प्राकृतिक क्षेत्रहरुलाई पर्यटकीय गन्तव्यस्थलको रुपमा विकास गर्दै लैजाने लक्ष्य र उद्देश्य अनुरुप नेपाल भ्रमणमा आउने करिब ६० प्रतिशत पर्यटकहरुको मुख्य गन्तव्यको रुपमा संरक्षित क्षेत्रहरु रहेका छन् ।

सन् २०१५ को गणनाबाट नेपालमा गैंडाको संख्या ६४५ रहेको छ । देशको विषम परिस्थितीको समयमा एकै वर्षमा ३५ वटा सम्म गैंडा चोरी शिकारीबाट मारिंदा समग्र नेपाली समाजलाई ठूलो क्षति पुगेको महशुस भएको अवस्थाबाट गुज्रेको वन्यजन्तु संरक्षणको कार्य निरन्तर सामुहिक प्रयासको फलस्वरुप २०७१ वैशाख २० देखि २०७२ माघ २३ गते सम्म ६४४ दिन एउटा पनि गैंडा चोरी शिकारीबाट मारिन नदिनुमा नेपालको वन्यजन्तु संरक्षणमा चासो राखी प्रत्यक्ष र अप्रत्यक्ष रुपमा योगदान पु-याउने राष्ट्रिय तथा अन्तरराष्ट्रिय समुदायको ठूलो उपलब्धिको रुपमा लिन सकिन्छ । निकुञ्ज/आरक्षको वरिपरी बसोवास गर्ने समुदाय, युवाहरु, मध्यवर्ती क्षेत्र तथा संरक्षण क्षेत्रका स्थानीय बासिन्दा तथा समुदायमा आधारित संघ संस्थाहरु, सामुदायिक वनले खेलेको भूमिका उदाहरिणय रहेको छ । प्रकृति र वन्यजन्तु संरक्षण कार्यमा अहोरात्र खटी नेपाली सेनाले खेलेको भूमिका प्रशंसनिय छ । त्यसैगरी नेपाल प्रहरी, नेपाल प्रहरीको केन्द्रिय अनुसन्धान ब्युरो, डब्लु डब्लु एफ नेपाल र राष्ट्रिय प्रकृति संरक्षण कोष लगायतका राष्ट्रिय तथा अर्न्तराष्ट्रियस्तरका संरक्षणका साझेदार संघ संस्थाहरु, संचार माध्यमहरु, पर्यटन व्यवसायी, राजनैतिक दलहरु आदिको भूमिका उल्लेखनिय रहेको छ । त्यस्तै महिला समुहबाट शुरु गरिएको जंगल गस्ति लगायतका वन संरक्षण सम्बन्धि कार्यहरु र चितवनका राजनैतिक दलहरुबाट वन्यजन्तु संरक्षणमा समय समयमा गरिएको प्रतिबद्धता स्मरणीय रहेको छ । व्यवस्थापिका-संसद, प्राकृतिक स्रोत र साधन समितिको गैंडा संरक्षण सम्बन्धी अध्ययन प्रतिवेदन, २०६७ को सुझाव एवं निर्देशनले थप मार्गनिर्देश गरेको छ ।

गैंडाको चोरी शिकारलाई शुन्य कायम गर्न उल्लेखनिय योगदान पु-याउने ८ वटा संस्था तथा १३ जना व्यक्तिहरुलाई नेपाल सरकार, वन तथा भू-संरक्षण मन्त्रालयले क्रमशः कदरपत्र र प्रशंसापत्र प्रदान गरेको छ । संस्थाहरुमा क्रमशः मध्यवर्ती क्षेत्र व्यवस्थापन समिति, चितवन, चितवन राष्ट्रिय निकुञ्ज कार्यालय, जिल्ला वन कार्यालय चितवन, नेपाली सेनाको श्रीजंग गण र नयाँभैरवी दल गुल्म, नेपाल प्रहरीको केन्द्रीय अनुसन्धान ब्युरो, WWF नेपाल र राष्ट्रिय प्रकृति संरक्षण कोष रहेका छन् । त्यसै गरी व्यक्तितर्फ क्रमशः स्वर्गीय सिनियर गेमस्काउट श्री शेषचन्द्र चौधरी (मरणोपरान्त), प्रमुख संरक्षण अधिकृत श्री कमलजङ्ग कुँवर, प्रमुख सेनानी श्री संजय देउजा, वरिष्ठ पशु चिकित्शक डा.श्री कमल प्रसाद गैह्रे, सहायक संरक्षण अधिकृत श्री विष्णु प्रसाद थपलिया, जमदार श्री देवराज वाग्ले, जमदार श्री विकास बाबु श्रेष्ठ, प्युठ श्री नवराज खड्का, प्युठ श्री भीम बहादुर तामाङ्ग, सिपाही श्री मोहन कुमार थापा, प्रहरी सहायक निरीक्षक श्री सिताराम बस्नेत, प्रहरी जवान श्री अर्जुन तामाङ्ग र म्यानेजर श्री माधव खड्का रहेका छन् ।

संगठित रुपमा हुने गरेका चोरी शिकार तथा अवैध व्यापार नियन्त्रणको लागि राष्ट्रिय, क्षेत्रीय र अर्न्तराष्ट्रियस्तरमा कानून कार्यान्वयन गर्ने निकायहरु, सुरक्षा निकायहरु, स्थानीय समुदाय, संचार माध्यम, नागरिक समाज, राजनैतिक दल तथा जैविक बिबिधता संरक्षणमा कार्यरत राष्ट्रिय तथा अर्न्तराष्ट्रियस्तरका संघ संस्थाहरु सबैको संयुक्त प्रयासको अत्यन्त महत्वपूर्ण भूमिका रहने र सामुहिक प्रयासले मात्र सफलता प्राप्त हुने कुरामा दुई मत नरहेको सर्न्दभलाई उच्च मूल्यांकन गर्दै राष्ट्रिय वन्यजन्तु अपराध नियन्त्रण समन्वय समिति सवैमा हार्दिक धन्यवाद ज्ञापन गर्दछ ।

अन्तमा नेपालको वन्यजन्तु, वनस्पति एवं प्रकृति संरक्षणमा प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा सहभागी भई आगामी दिनमा निरन्तर सामुहिक सहकार्य, समन्वय र सकृयतापूर्वक हातेमालो गरी यस महान कार्यमा सरिक भई योगदान पु-याउन आम समुदायलाई हार्दिक अपिल गर्दछौं ।

महानिर्देशक

............................

(फणीन्द्रराज खरेल)
सदस्य सचिव, राष्ट्रिय वन्यजन्तु अपराध नियन्त्रण समन्वय समिति
एवं महानिर्देशक, राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग
मिति : २०७२।१०।२४